## ०७५।६।५ गते नगरकार्यपालीकाको बैठकको निर्णयहरु

**निर्णय नं १ :** लमही नगरपालीका आधारभूत तथा माध्यमिक शिक्षा संचालन तथा व्यवस्थापन कार्यविधी, २०७५ लाई सदस्यज्यूहरुले थप अध्ययन गरि आगामी बैठकमा छलफल गर्ने निर्णय गरियो ।

**निर्णय नं २ :** घ वर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्वन्धी कार्यविधी, २०७४ मा देहाय बमोजिम संशोधन गरी समायोज गर्ने निर्णय गरियो ।

**दफा ३ क मा देहाय बमोजिम संशोधन गर्ने** (क) ट्रीपर वा ट्याक्टर १ थान भनि उल्लेख भएकोमा ट्रीपर का हकमा आफ्नै स्वामित्वमा भएको वा ५ वर्षका लागि लिजमा लिएको प्रमाण पेश गरेमा वा टीपर नहुने व्यवसायीले ट्याक्टरको हकमा निर्माण व्यवसायी स्वयंले आफ्नै स्वामित्वमा खरिद गरेको प्रमाणित विल पेश गर्नु पर्ने छ । ट्याक्टरका हकमा लिजमा लिन पाईने छैन ।

सोही दफा ३ को उप (ख) (ग) (घ) र (ङ) का मेशिनरी औजारका हकमा निर्माण व्यवसायीले आफ्नै स्वामित्वमा खरिद गरेको हुनु पर्ने छ, लिजमा लिन पाईने छैन ।

**निर्णय नं ३ :** निवेदक श्री छम्पाली निर्माण सेवाले घ वर्गको निर्माण व्यवसायी ईजाजत पत्र पाउँ भनि दिनु भएको निवेदन उपर छलफल गर्दा निजले पेश गरेका कागजात प्रमाणहरु अध्ययन गर्दा न्युनतम शर्त तथा मापदण्ड पुरा गरेको देखिएकोले कार्यविधी बमोजीम प्राविधीक अध्ययन टोलीको सिफारिस प्रतिवेदन समावेश गरी प्रमुख प्रशासकीय अधिकृतले इजाजत पत्र दिन अधिकार दिने निर्णय गरियो ।

**निर्णय नं ४ :** लमही नगरपालीका क्षेत्रभित्र ईटा उद्योग स्थापना तथा संचालनका लागि सिफारिस गर्ने सम्वन्धी कार्यविधी, २०७५ स्विकृत गर्ने निर्णय गरियो

**निर्णय नं ५ :** निवदेक श्री छम्पाली ईटा उद्योग, लमही बाट नविकरणका लागि प्राप्त निवेदन उपर छलफल गर्दा आवश्यक कागजात पुरा गरेको देखिएकोले सम्वन्धित वडाकार्यालयबाट सिफारिस पेश गर्न लगाई आवश्यक दस्तुर लिई नविरकरणका लागि सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं ६ :** लमही नगरपालीकाको कार्यक्रम संचालन तथा व्यवस्थापन मापदण्ड निर्धारण सम्वन्धी कार्यविधी, २०७५ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं ७** : नि:शुल्क स्वास्थ्य सेवा संचालन सम्वन्धी निर्देशिका, २०७४ को दफा (१) को उपदफा १.६ पछि देहाय बमोजिम थप गर्ने निर्णय गरियो

१.७ लमही नगर क्षेत्रमा सेवा प्रदान गर्ने महिला स्वास्थ्य स्वयंसेविकाहरुले समेत निशुल्क स्वास्थ्य सेवा उपभोग गर्न पाउने छन् ।

**निर्णय नं ८** : साविकमा कामकाज गर्दै आई रहेका LGCDP ततर्फका सामाजिक परिचालक श्री कोपिला चौधरी र विष्णु वस्नेतलाई निजहरुले साविकमा खाई पाई आएको मासिक पारिश्रमिक, सेवा सुविधा उपलव्ध गराउने गरि ०७५ श्रावण देखि ०७५ कार्तिक मसान्त सम्म म्याद थप गरी कामकाज लगाउने ।

**निर्णय नं ९** : शशर्त अनुदानबाट प्राप्त रकम रु ६ लाख बाट वार्ड नं ३ को टीकलीगढमा खोप केन्द्र स्थापना गर्ने निर्णय गरियो ।

**निर्णय नं : १०** चालु आ.व. ०७५।०७६ मा नगर स्वास्थ्य केन्द्रहरु देहायका स्थान लमही नगरपालिका वार्ड नं. ३ को टीकलीगढ, वार्ड नं ६ को खैरी र वार्ड नं. ७ को वनगैं मा स्थापना गर्ने निर्णय गरियो ।

**निर्णय नं : ११** घटना दर्ताको लागि सेवाग्राहीहरुबाट लमही नगरपालीका आर्थिक ऐन, २०७५ बमोजिम लिई रहेको शुल्क स्थगन गरि साविकमा नेपाल सरकारबाट स्वीकृत मापदण्डकै अधिनमा रही सेवा शुल्क लिने निर्णय गरियो ।

**निर्णय नं १२** : वार्ड नं ४ खिमबहादुर शाह मा.वि.कोलही स्कुल देखि चैलाही गाउँ विचमा रहेको खोलामा पक्कि पुल निर्माणको लागि गत आ.व.मा सम्पन्न डि.पि.आर बमोजिम भएको अनुमानित लागत रकम रु ४,०२,४३,९७५।५३ (४ करोड २ लाख त्रिचालीस हजार ९७५ रुपैया र पैसा त्रिपन्न मात्र) मध्ये चा.लु आ.व.०७५।०७६ मा विनियोजीत रकम रु ७०,००,०००। समेत समावेश गरी बहुवर्षिय आयोजनको रुपमा आगामी आ.व. ०७५।०७६ मा निर्माण सम्पन्न गर्ने गरी अनुमानित बाँकी रकम आगामी आ.व.मा बजेट विनियोजन गरी सम्पन्न गर्ने प्रतिवद्धता सहित सर्वसम्मत रुपले निर्णय गरियो

**निर्णय नं १३** : साविकमा लमही नगरपालीका र अन्तर्गत वडा कार्यालयहरुमा तत्कालीन समयमा कार्यरत सामुदयिक मेलमिलापकर्ताहरुलाई निजहरु कार्यरत रहेको समय सम्मको बाँकी पारिश्रमिक सधन्यवाद उपलव्ध गराउने निर्णय गरियो ।